नेपाली महावाणिज्यदूतावास
सान फ्रान्सिस्को
**Consulate General of Nepal**
**San Francisco**

**<u>नयाँ राहदानी बुझिलिने सम्बन्धी सूचना ।</u>**

विभिन्न मितिमा यस महावाणिज्यदूतावासमार्फत् राहदानीका लागि आवेदन गर्नुभएका यसैसाथ संलग्न सूचीबमोजिमका १७९ जना आवेदकहरूको राहदानी तयारी भई महावाणिज्यदूतावासमा प्राप्त भएको जानकारी गराइन्छ। यस सूचीमा नाम नभएका आवेदकहरूको राहदानी काठमाडौंमा छपाई कै क्रममा रहेको हुंदा अर्को सूचीको प्रतिक्षा गर्न अनुरोध गरिन्छ।

**महावाणिज्यदूतावासमा फिर्ती खाम (return/pre-paid envelope) बुझाई सक्नुभएका आवेदकहरूको राहदानी अब १-२ दिनभित्रै सम्बन्धित व्यक्तिको ठेगानामा हुलाकमार्फत् पठाइनेछ ।**

**महावाणिज्यदूतावासमा स्वयं उपस्थित भएर वा आफ्नो नाम/ठेगानाको फिर्ती खाम (return/pre-paid envelope) हुलाकमार्फत् पठाएर राहदानी बुझिलिन सक्नुहुनेछ ।**

**हुलाकमार्फत् राहदानी बुझिलिन चाहने आवेदकहरूले** आफ्नो पूरा नाम र ठेगाना खुलाई फिर्ती खाम (return/pre-paid envelope) यस महावाणिज्यदूतावासको नाम र ठेगाना (Name**: Consulate General of Nepal -** Address**: 505 Beach Street, Suite 130, San Francisco, CA 94133**) मा पठाउन सक्नुहुनेछ।

**फिर्ती खाम पठाउँदा अनिवार्य रूपमा Shipment Tracking number सहितको खाम पठाउनु पर्नेछ। फिर्ती खाममा Return Label नभएको, राहदानी पाउने व्यक्तिको ठेगाना वा विवरण अपुरो भएको जस्ता कारणले गर्दा महावाणिज्यदूतावासबाट पठाएको राहदानी सम्बन्धित व्यक्तिको ठेगानामा पुगेन वा अलपत्र पर्‍यो वा हरायो भने त्यसका लागि महावाणिज्यदूतावास जिम्मेवार हुने छैन।**

**फिर्ती खाम पठाउँदा** आफ्नो पुरानो राहदानी र राजस्व तिरेको रसिदको सक्कल नै खाममा राखेर पठाउनु होला । **हराएको राहदानी नविकरणको लागि** आवेदन गरेको भए राजस्व तिरेको सक्कल रसिद मात्र खाममा राखेर पठाउनु होला ।

राहदानी बुझिलिनको लागि आवेदक स्वयं आउँदा **<u>पुरानो राहदानी र राजस्व तिरेको सक्कल रसिद</u> साथमा लिएर आउनु पर्नेछ।** हराएको राहदानीको सट्टामा नयाँ राहदानी आवेदन दिएकाहरूको हकमा राजस्व तिरेको सक्कल रसिद साथमा लिएर आउनुपर्नेछ ।

**नेपाली महावाणिज्यदूतावास**
**सान फ्रान्सिस्को ।**
२७ मार्च २०२६